# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### वित्तीय सेवाका साथ सीप विकास आवश्यकः गभर्नर डा. नेपाल

(लघुवित्त बैंकर्स संघको नवौं साधारण सभाको समुद्घाटन)

गभर्नर डा. चिरंजीबि नेपालले लघुवित्त बैंकर्स संघको नवौं साधारण सभाको असोज १५ गते एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो समारोहलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उहाँले वित्तीय पहुँच, गरिबी निवारण, महिला सशक्तिकरण, स्वरोजगार र उद्यमशीलताको विकास जस्ता आर्थिक तथा सामाजिक विषयमा महत्वपूर्ण भूमिका खेल्ने लघुवित्त सेवाको प्रवर्द्धनमा नेपाल राष्ट्र बैंकले निरन्तर सहयोगीको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।




लघुवित्त विकास बैंकहरुको उद्देश्य अनुरूप ती संस्थाहरूको भूमिका र गतिविधिमा परिमार्जन आवश्यक भएको गभर्नर डा. नेपालले स्पष्ट पार्नुभयो । नेपालका सबै जिल्लामा शाखा सञ्जाल पुगेको, २० लाख घरपरिवारमा सेवा पुगेको विषय सन्तोषजनक रहेता पनि दुर्गम स्थानमा थप बैंकिङ्ग सेवा विस्तार गर्नु पर्ने धारणा उहाँले राख्नुभयो । एउटै व्यक्तिलाई धेरै संस्थाबाट ऋण प्रवाह हुँदा सो व्यक्ति ऋणको जालोमा पर्नु र संस्थाको ऋण असुल नहुने जोखिम बढ्नु, कर्जा कार्यक्रमबाट ऋणीको आर्थिक प्रगति उच्च भएको नदेखिनु र सबैजसो ऋणी जीवन निर्वाहको स्तरमै रहनुलाई उहाँले लघुकर्जाका समस्याका रुपमा चित्रित गर्नुभयो । दोहोरो बैकिङ्गको प्रवृत्ति रोक्न नेपाल राष्ट्र बैकले वित्तीय सेवा पहुँचको नक्साङ्कनका आधारमा मात्र शाखा खोल्ने स्वीकृति दिने नीति लिएको जानकारी गराउँदै गरिबलाई वित्तीय सेवा दिने लघुवित्त संस्थाको मुनाफाको अनुपात र सेयर मूल्य दृष्टिगत गर्दा ती संस्थाले सुपथ मूल्यमा वित्तीय सेवा प्रदान नगरेको संकेत प्राप्त भएको धारणा गभर्नर डा. नेपालले राख्नुभयो । लघुवित्त संस्थाको सेवामूलक लक्ष्यलाई नाफामुखी प्रवृत्तिले धूमिल पार्न नहुने समेत उहाँले बताउनुभयो ।

वित्तीय सेवासँगै उद्यमशीलता सम्बन्धी ज्ञान र सीप पुऱ्याउन नसक्नु यस क्षेत्रमा रहेको संरचनात्मक कमजोरीको रुपमा रहेको उल्लेख गर्नु हुँदै ऋणीलाई प्राविधिक ज्ञान र सीप तथा वित्तीय चेतना दिन सके दोहोरो बैंकिङ्गको समस्या स्वतः समाधान हुने र ऋणीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने धारणा समेत उहाँले राख्नुभयो ।

लघुवित्त विकास बैंकहरू पनि नेपालको वित्तीय प्रणालीको एउटा अङ्ग भएकाले वित्तीय व्यवस्थाका मानक मापदण्डको पालनामा यी संस्थाहरू पनि अरु संस्थाहरु जत्तिकै जिम्मेवार हुनुपर्ने धारणा गभर्नर डा. नेपालले राख्नुभयो । सम्बोधनका क्रममा उहाँले साधारण सभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै लघुवित्तका क्षेत्रमा उल्लेखनीय योगदान गर्नुहुने स्वर्गीय डा. हरिहरदेव पन्तप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

लघुवित्त बैकर्स संघका अध्यक्ष धर्मराज पाण्डेको सभापतित्वमा भएको सो कार्यक्रममा कार्यकारी निर्देशक डा. विनोद आत्रेयले लघुवित्त विकास बैंकका वर्तमान गतिविधि तथा भावी दिशाका बारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**२०७२ असोज १७ गते, आइतबार**

**गभर्नरको कार्यालय**